# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


च.नं. ७४८ मिति:२०७९।१२।२३

विषय: आवश्यक कार्यार्थ।

श्री वडा कार्यालयहरु सबै,
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन

प्रस्तुत सम्बन्धमा गृह मन्त्रालय,राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. २०७९।०८० च.नं १६२६ मिति २०७९।१२।२२ को एकल महिलाबाट जन्मेको पितृत्वको ठेगान नभएको बच्चाको जन्म दर्ता सम्बन्धी पत्र यसैसाथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

वोधार्थ: सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिका:वेबसाईट मार्फत सूचना सम्प्रेषण गरिदिनुहुन।

(शान्ता कुमारी पौडेल)
निर्देशक
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०६८/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९६२९

मिति २०७९।१२।२२

विषय : एकल महिलाबाट जन्मेको पितृत्वको ठेगान नभएको बच्चाको जन्म दर्ता सम्बन्धमा ।

श्री स्थानीय पञ्जिकाधिकारी सबै (६७४३ वडा) ।

एकल महिलाबाट जन्मेको र पितृत्वको ठेगान नभएको बच्चाको जन्म दर्ता गर्ने विषयमा थप प्रष्ट पारिदिन विभिन्न स्थानीय तहहरुबाट अनुरोध भई आएको सम्बन्धमा दोहोरो दर्ता नहुने गरी देहाय अनुसार गर्नुहुन थप स्पष्ट गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

१. विवाह अघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी बच्चा सहित पतिको ठेगानमा सँगै बसेको भए उक्त बच्चाको मावलीकै थर राखी आमाको हालको स्थायी ठेगानामा जन्म दर्ता गरिदिने ।
२. विवाह अघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी पतिसँगै बसेको तर उक्त बच्चा मावलीमै बसेको भए मावलीकै थर कायम गरी मावलीकै ठेगानामा आमालाई सूचक राखी जन्म दर्ता गरिदिने ।
३. प्रकरण नं.(१) र (२) अनुसार बच्चाको जन्म दर्ता भईसकेपछि बाबुको ठेगान पत्ता लागेको अवस्थामा सो जन्म दर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट नयाँ जन्म दर्ता गरिदिने ।
४. प्रकरण नं.(१) र (२) बाहेक अन्य अवस्थामा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधन सहित), २०७७ र विभागको यस अघिका परिपत्रअनुसार गर्ने ।

(नवराज जैसी)
निर्देशक

<u>बोधार्थ एवम् जानकारीका लागि</u> :
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।
श्री इलाका प्रशासन कार्यालय, सबै ।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np